# धनगढी उप-महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
सुदूरपश्चिमम प्रदेश, नेपाल

धनगढी उप-महानगरपालिका नगर कार्यपालिकाको कार्यालय धनगढी, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल

प.स. : ०८०/०८१
च.न. :

**बिषय: ग्लो साइन बोर्डबाट बिज्ञापन गर्ने कार्यको ठेक्का सम्बन्धि सिलबन्दि बोलपत्र आव्हानको सूचना ।**

**छैठौ पटक प्रकाशित मिति : २०८१।०२।८**

यस धनगढी उपमहानगरपालिका देहायका सडकहरूमा रहेका विद्युत पोलहरूमा (Smart Street Light) ग्लो साइन बोर्डबाट बिज्ञापन गर्नका लागि सम्झौता भएको अवधि देखी दुई (२) वर्ष सम्मका लागी लागि यस उपमहानगरपालिकावाट तोकिएको दररेटमा ग्लो साइन बोर्ड लगाउन चाहने ईच्छुक फर्म वा कम्पनीहरूको जानकारीको लागि तपशिल बमोजिमको शर्तको अधिनमा रही यो ७ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । .

**तपसिलका शर्तहरु**

१। ग्लो साइन बोर्डको बार्षिक न्युनतम बढाबढ ठेक्का अंक प्रति पोल रू (मु.अ.कर. वाहेक) यस प्रकार रहेको छ ।

| क.स. | बिवरण | जम्मा पोल संख्या | ग्लो साइन बोर्डको बार्षिक न्युनतम बढाबढ ठेक्का अंक प्रति पोल रू(मु.अ.कर. वाहेक) |
|---|---|---|---|
| १ | Six Lane Road पुरै | २६८ | ५००० |
| २ | शहिद गेट देखि क्याम्पस रोड सम्म | १४३ | २००० |
| ३ | क्याम्पस गेट देखि क्याम्पस चौक सम्म | ४२ | २००० |
| ४ | क्याम्पस चौक देखि मनेहरा सम्म | २२ | २००० |
| ५ | डिभोटी चौक देखि जाई सम्म | ८४ | २००० |
| ६ | धनगढी चौराहा देखि कैलाली पुल सम्म | ५९ | ५५०० |
| ७ | एस.पि.ए. कलेज,शारदा स्कुल,सन्तोषी टोल हुदै चर्च रोड | ९६ | २००० |
| ८ | Six Lane देखि एयरपोर्ट सम्म (एयरापोर्ट रोड ) | ५६ | २००० |

प्रमुख प्रशासकीय अधिकृत

२। पुरै पोलको न्युनतम बार्षिक बढाबढ ठेक्का अंक रू २५,५०,५००। भ्याट बाहेक कायम गरिएको छ वा अलग अलग खरिद गर्न चाहेमा आफुले खरिद गर्न चाहने क.स.को अनुसार अफुलाई आवस्यक पर्ने बिद्युत पोल संख्या उल्लेख गरी कबोल रकम उल्लेख गर्नु पर्नेछ ।

३। ईच्छुक फर्म वा कम्पनीहरूले दरभाउपत्र खरिद वापतको यस कार्यालयको राजश्व शाखाबाट नगद रु. ३,०००। (पछि फिर्ता नहुने गरी) जम्मा गरेको भौचर समेत संलग्न गरी दरभाउ पेश गर्नु पर्नेछ ।

४। ग्लो साइन बोर्ड तयार गरी जडान गर्ने जिम्मेवारी सम्बन्धित बिज्ञापन गर्ने फर्म वा कम्पनीको हुनेछ ।

५। ग्लो साइन बोर्ड यस कार्यालयले तोकेको स्थान,हाइट र पोलको बीच भागमा मात्र लगाउनु पर्नेछ ।

६। ग्लो साइन बोर्डको साइज लम्बाई ३ फिट र चौडाई २ फिट भएको हुनुपर्नेछ ।

७। ग्लो साइन बोर्डमा बिजुलीको व्यवस्था र बिधुत महसुल तिर्ने कार्य स्वयम बिज्ञापन गर्ने फर्म वा कम्पनीको हुनेछ ।

८। ग्लो साइन बोर्डमा समस्या आए पश्चात मर्मत गर्ने जिम्मेवारी सम्बन्धित बिज्ञापन गर्ने फर्म वा कम्पनीको हुनेछ ।

९। विज्ञापनको सम्झौता अवधि सम्झौता भएको मिति देखि २ वर्षका लागि हुनेछ ।

१०। उक्त बोर्डमा कानुनले निषेध गरिएका सामाग्रीहरू जस्तै मदिरा तथा सुर्तीजन्य सम्बन्धी वस्तुहरूको बिज्ञापन गर्न पाइने छैन ।

११। टेण्डर डकुमेन्ट ७ औ दिनको ४ बजे भित्र खरिद गरि सक्नु पर्नेछ । बोलपत्र ८ औ दिनको १२ बजेभित्र पेश गरिसक्नु पर्नेछ । सोहि दिनको २.०० बजे खोलिने हुदा सो समयमा दरभाउपत्रदाता वा निजले तोकेको व्यक्ति उपस्थित हुनु पर्नेछ । उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।

१२। दरभाउपत्र खरिद गर्ने, पेश गर्ने र खोल्ने दिन सार्वजनिक विदा परेमा लगतै कार्यालय खुलेको दिन सो सम्बन्धि कार्य हुनेछ ।

१३। बोलपत्रमा दरको अंक उल्लेख गर्दा अंक र अक्षर दुवैमा स्पष्ट लेखेको हुनु पर्नेछ । फरक परेमा अक्षरलाई मान्यता दिईनेछ । यस कार्यालयबाट प्रमाणित नगरी बिक्री भएको र म्याद नाघी आएको बोलपत्र माथी कुनै कारवाही हुने छैन ।

१४। यस शर्तमा लेखेका विषय हरू यसै बमोजिम र छुट भएका विषयहरू बोलपत्रमा उल्लेखित शर्तहरू, यस नगरपालिकाको स्वीकृत सार्वजनिक खरिद नियमावली २०७७, स्थानीय सरकार संचालन ऐन २०७४, नगर सभाले स्वीकृत गरेको आर्थिक ऐन र नेपाल सरकारको प्रचलित कानुन बमोजिम हुनेछ । साथै कार्यगत शर्तका बिबरणहरू सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

# धनगढी उप-महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### सुदूरपश्चिमम प्रदेश, नेपाल

धनगढी उप-महानगरपालिका नगर कार्यपालिकाको कार्यालय धनगढी, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल

प.स. : ०८०/०८१
च.न. :

---

१५। बोलपत्र दर्ता गर्दा बोलपत्र दाताले आफुले कबोल अंकको ५ प्रतिशत रकम यस कार्यालयको राष्ट्रिय वाणिज्य बैंकको धरौटी खाताको हि.न.४१७०१००३०३००००२ मा जम्मा गरेको भौचर वा सो रकम बराबर १२० दिन म्याद भएको नेपाल राष्ट्र बैकबाट “क“ वर्गको मान्यता प्राप्त वाणिज्य बैंकको बैंक जमानत पत्र (विडबण्ड) पेश गर्नुपर्नेछ ।

१६। यस कार्यालयको महालेखा परिक्षकको प्रतिबेदनमा बेरूजु उल्लेख भएका फर्म वा कम्पनीहरूले यस सूचना अनुसार बोलपत्र प्रस्ताव पेश गर्नका लागि भ्याट समायोजन गरेको सम्बन्धित अन्तरिक राजश्व कार्यालयको पत्र पेश गरेपछि मात्र योग्य हुनेछन् । यस व्यहोरा अनुसार सम्बन्धि फर्म वा कम्पनीले आफ्नो बेरूजु बिबरण यस कार्यालयको लेखा शाखामा रहेको महालेखा परिक्षकको प्रतिबेदनबाट हेर्न समेत सूचित गरिन्छ ।

१७। बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सर्वाधिकार यस कार्यालयमा सुरक्षित रहनेछ । यस सम्बन्धी कुनै कुरा बुझ्न चाहेमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ ।

१८। यो सूचना धनगढी उ.म.न.पा.को वेभसाइट dhangadhimun.gov.np बाट समेत हेर्न सकिनेछ ।

प्रमुख प्रशासकीय अधिकृत